त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञानअध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

# कृषि, पशुविज्ञान/मत्स्यपालन र पशु चिकित्सा स्नातकोत्तर तहमा विद्यार्थी भर्नासम्बन्धी सूचना।

**प्रकाशित मिति २०७९/११/२३ गते।**

यस अध्ययन संस्थानको मिति २०७९/११/२१ गते प्रकाशित गरेको मेरिटक्रम अनुसार स्नातकोत्तर तहमा नयाँ विद्यार्थी भर्ना प्रक्रिया तपसिल वमोजिम रहेको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## १. भर्ना प्रक्रिया सम्बन्धमाः

१.१ प्रवेश परीक्षा उत्तिर्ण भएकाहरु मेरिट सूची अनुसार भर्नाको लागि योग्य हुनेछन्। हरेक कार्यक्रममा भर्ना हुनको लागि तपसिलमा तोकिए वमोजिको विद्यार्थीहरु विहानको ठिक ११:३० बजे यस अध्ययन संस्थान, डीनको कार्यालय, स्नातकोत्तर भवन, कीर्तिपुरमा उपस्थित हुनु पर्नेछ। कुनै पनि विषय/विभागमा मेरिटको आधारमा तोकिएको संख्यामा भर्ना गरिनेछ।

| क्र.सं. | डिग्री कार्यक्रम | मिति | उपस्थित हुने पर्ने मेरिटक्रम |
|---|---|---|---|
| १ | कृषि (M.Sc.Ag.) | २०७९/११/२६ गते | मेरिट नं ००१ देखि १०० |
| २ | पशु चिकित्सा (M.V.Sc.) | २०७९/११/२६ गते | मेरिट नं ००१ देखि ३० |
| ३ | पशु विज्ञान/मत्स्यपालन (M.Sc.An.Sc./Aqua) | २०७९/११/२९ गते | मेरिट नं ००१ देखि ३१ |

**नोटः माथि उल्लेखित मितिमा तोकिएको संख्यामा विद्यार्थी भर्ना नभएमा सोहि दिन बेलुका सूचना प्रकाशित गरिनेछ।**

१.२ मेरिट क्रममा भएका व्यक्ति तोकिएको समयमा उपस्थित नभएमा मेरिट क्रम अनुसार भर्ना प्रक्रिया नियमित गरिनेछ। भर्ना प्रक्रिया सूचारु भएको अवस्थामा अगाडिका मेरिट क्रमका व्यक्ति आई पुगेमा भर्ना प्रक्रिया जहाँ पुगेको छ, सोही स्थानबाट भर्ना लिइनेछ। दुई(२) वटा डिग्रीमा प्रवेश परीक्षा दिएका व्यक्तिको हकमा कुनै एक डिग्रीमा मात्र भर्ना हुन पाउनेछ। कुनै पनि विषय/विभाग सञ्चालन गर्नको लागि न्यूनतम विद्यार्थी संख्या ४ जना नपुगेमा सोही डिग्रीको प्रवेश परीक्षा दिएका अन्य विषय/विभागहरुमा समायोजन गरिनेछ।

१.३ भर्ना हुनको लागि तपशिलमा उल्लेखित सक्कल कागजातहरु अनिवार्य रुपमा रुजु गराउनु पर्नेछ। भर्ना प्रयोजनको लागि कुनैपनि प्रमाणपत्रको प्रतिलिपि मान्य हुने छैन। भर्ना हुने व्यक्ति स्वमं उपस्थित हुन नसकेमा नागरिकताबाट नाता खुलेको प्रमाण पेश गरी भर्ना गर्न सकिनेछ।

क) रकम जम्मा गरेको बैंक भाउचर।
ख) नेपाली नागरिकताको सक्कल प्रमाणपत्र।
ग) +२ वा सो सरहको लब्धाङ्क-पत्र (Transcript)।
घ) स्नातक तहको लब्धाङ्कपत्र (Transcript) र प्रमाणपत्र (चारित्रिक/प्रोभिजनल/मुल प्रमाणपत्र)। नेपाल बाहिरका विश्वविद्यालयको हकमा चारित्रिक प्रमाणपत्रबाट भर्ना गरिने छैन।
ङ) त्रि.वि. बाट स्नातक तह पुरा गर्नेको हकमा T.U. Registration Card र त्रि.वि. वाहेक अन्य संस्थाबाट स्नातक तह पुरा गर्नेको स्थानान्तरण प्रमाणपत्र (Migration Certificate)।
च) त्रि.वि. वाहेक अन्य संस्थाबाट स्नातक तह पुरा गर्नेको हकमा समकक्षता प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

नोटः स्थानान्तरण प्रमाणपत्र (Migration Certificate) भर्नाको दिनमा बुझाउन नसक्ने विद्यार्थीको हकमा मिति २०७९/१२/०३ गते भित्र बुझाउन सकिनेछ।

## २. भर्ना शुल्क सम्बन्धमाः

भर्ना शुल्क नेपाल बैंक लिमिटेडको **"कृ.प.वि.अ.सं. पिजी खाता"** नम्बर **०४५००१००१०५३९०००००१** मा जम्मा गरी सोको सक्कलै भाउचर भर्नाको समयमा बुझाउँनु पर्नेछ। भाउचरको Deposited by मा भर्ना हुने व्यक्तिको नाम लेख्नु पर्नेछ। भर्ना हुँदा बुझाउने शुल्क तल तालिकामा दिइएको छ। दोस्रो सत्रवाट नियमित सत्र शुल्क र IDF बाँकी शुल्कहरु वुझाउनु पर्नेछ।

त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञानअध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

| विवरण | शुल्क (रुपैयाँमा) | | | कैफियत |
|---|---|---|---|---|
| | Scholarship | Half IDF | Full IDF | |
| कृषि विज्ञान | ५५,७२०/- | १,०५,७२०/- | १,५५,७२०/- | भर्ना हुँदा छात्रवृत्ति कोटामा लाग्ने शुल्क मात्र बुझाउँनु पर्नेछ भने बाँकी शुल्क कोर्ष रजिष्ट्रेशनको दिन बुझाउँनु पर्नेछ। |
| पशु विज्ञान | ५५,७२०/- | १,०५,७२०/- | १,५५,७२०/- | |
| मत्स्य विज्ञान | ५५,७२०/- | १,०५,७२०/- | १,५५,७२०/- | |
| पशु चिकित्सा विज्ञान | ६१,७७०/- | १,११,७७०/- | १,६१,७७०/- | |

**३. कोर्ष रजिष्ट्रेशन र कक्षा सञ्चालन सम्बन्धमा:**

कोर्ष रजिष्ट्रेशन मिति २०७९/१२/०७ गते डीन कार्यालयमा र अभिमुखिकरण कार्यक्रम मिति २०७९/१२/१० गते गरिनेछ। विद्यार्थीले तोकिएको समयमा कोर्ष रजिष्ट्रेशन नगराएमा नियमानुसार विलम्ब शुल्क लाग्नेछ।

**४. भर्ना रद्द सम्बन्धमा:**

भर्ना भएका विद्यार्थीले भर्ना रद्द गरेमा भर्नाको समयमा बुझाएको कुनै पनि शुल्क फिर्ता हुने छैन। कोर्ष रजिष्ट्रेशन दिनसम्ममा भर्ना रद्द गरी कोटा रिक्त हुन आएमा अध्ययन संस्थान विकास शुल्क कोटामा भर्ना गर्न सकिनेछ। भर्ना भई सकेका विद्यार्थीहरुको हकमा भने कुनै फेरवदल गरिने छैन।

प्रा.भार्गव धिताल
डीन